STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौं र अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क ३४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २४ गते शनिबार ❑ 8 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कोरोना भाइरस संक्रमणको सम्भावित तेस्रो लहर रोक्न प्रधानमन्त्रीको निर्देशन

रासस
काठमाडौं, २३ पुस

प्रधानमन्त्री शेरबहादुर देउवाले कोरोना भाइरसको सम्भावित तेस्रो लहरको सङ्क्रमण रोक्न निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार आयोजित कोभिड-१९ निर्देशक समितिको बैठकलाई सम्बोधन गर्दै उहाँले सरकारका मन्त्री, मुख्यसचिव र सचिवलाई सम्भावित तेस्रो लहरको सङ्क्रमण रोक्न आवश्यक कदम चाल्न निर्देशन दिनुभएको हो । उहाँले बुस्टर डोज र भारतसँग रहेको खुला नाकामा होल्डिङ सेन्टर स्थापनालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

यही पुस २२ गते ५४० मा पुष्टि भएको कोरोना भाइरस सङ्क्रमण शुक्रबार एकैदिन ९६८ जनामा पुष्टि भएको छ । भारतको पन्जाव, गुजरात, उत्तरप्रदेश, बिहारलगायत प्रदेशमा सङ्क्रमणको तेस्रो लहर फैलिसकेको छ ।

तेस्रो लहर फैलिन नदिनु सरकारको प्रमुख प्राथमिकता भएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले सङ्क्रमण फैलिन नदिन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न निर्देशन गर्नुभयो । उहाँले सीमामा तेस्रो लहरको सङ्क्रमणको चुनौती रहेकाले सीमा नाकामा कोरोना भाइरसको परीक्षण दर बढाउन पनि निर्देशन दिनुभयो ।

प्रधानमन्त्री देउवाले भारतसँग सीमा जोडिएका नाकामा होल्डिङ सेन्टर पनि चाँडै स्थापना गर्न निर्देशन दिनुभयो । "भारत सीमाबाट आएका सबै व्यक्तिलाई परीक्षण गर्नुपर्दछ", उहाँले भन्नुभयो, "परीक्षण गर्दा सङ्क्रमण भेटिए आइसोलेशन र होल्डिङ सेन्टरमा राखेर उपचार गर्नुपर्दछ ।" उहाँले तेस्रो लहरको ओमिक्रोन भेरियन्ट छिटो फैलिने भएकाले खतरा रहेको र समयमै रोकथाम र नियन्त्रणका लागि आवश्यक काममा लाग्नुपर्नेमा जोड दिनुभयो । प्रधानमन्त्री देउवाले बुस्टर डोज लगाएपछि तेस्रो लहरको खतरा कम हुने भएकाले सबैलाई बुस्टर डोज लगाउने गरी व्यवस्थापनसमेत गर्न निर्देशन दिनुभयो । उहाँले तेस्रो लहरको सम्भावित जोखिम हुन नदिनका लागि अस्पतालमा अक्सिजन र शैयाको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो ।

नागरिकलाई बचाउनु सरकारको कर्तव्य भएको भन्दै प्रधानमन्त्री देउवाले सबैको सहयोगले सम्भावित तेस्रो लहरलाई नियन्त्रण गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । "अक्सिजन नै नपाएर मानिस मर्नु हुन्न", उहाँले भन्नुभयो, "त्यसैले सबै मिलेर कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि युद्धस्तरमा काम गर्नुपर्दछ ।" बैठकमा गृहमन्त्री बालकृष्ण खाँणले सीमा नाकामा चाँडै नै होल्डिङ सेन्टर निर्माण गर्नेतर्फ लाग्नुपर्ने बताउनुभयो । उहाँले सङ्क्रमितको पहिचान गरी आइसोलेसनमा राख्नुपर्ने बताउनुभयो । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विगतको अनुभवलाई लिएर उच्च सतर्कता नअपनाए ठूलो सङ्कट व्होर्नु पर्ने भन्दै चाँडै नै सम्भावित तेस्रो लहरको रोकथाम र नियन्त्रणको उच्च तयारीमा लाग्नुपर्ने भनाइ राख्नुभयो । उहाँले खोप अभियानलाई तीव्रता दिनुपर्ने भन्दै खोप समयमा नै दिन नसके अकल्पनीय दुर्घटना व्होर्नुपर्नेतर्फ सचेत रहनुपर्ने बताउनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले ओमिक्रोन भेरियन्टको रोकथाम र नियन्त्रणका लागि मन्त्रालयले काम गरिरहेको बताउनुभयो । उहाँले ओमिक्रोन भेरियन्टबाट दूलै डर सिर्जना हुने नठानेर पहिलेको अनुभवबाट नै नियन्त्रण गर्न सकिने धारणा राख्नुभयो । उहाँले अहिले तेस्रो लहरको हल्लासँगै खोप लगाउनेको सङ्ख्या पनि बढेको भन्दै खोप लगाउनका लागि अभियान नै सञ्चालन गर्ने बताउनुभयो ।

## ओमिक्रोन पुष्टी भएपछि गण्डकी प्रदेशमा पनि कडाई गरिने, महोत्सव नगर्न निर्देशन

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस



नेपालमा पनि कोरोना भाईरसको नयाँ भेरियन्ट पुष्टी भएपछि कास्की लगायत गण्डकी प्रदेशमा कडाई गर्ने तयारी गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशले सिमानाकामा चेकजाँचलाई कडाई गर्न तयारी गरिएको छ । सघको स्वास्थ्य मन्त्रालयले पनि ओमीक्रोन नियन्त्रणका लागि आवस्यक तयारी तुरुन्त गर्न भनेपछि ओमीक्रोन भाईरस बढ्न सक्ने आकलन सहित तयारी तिब्र पारिएको हो । गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारी गुरुङ सहितको बैठकमा ओमीक्रोन नियन्त्रणका लागि प्रदेशका नाकाहरुमा जाँचलाई तिब्रता दिने, प्रदेशका स्वास्थ्य संरचनालाई आवस्यक अन्य तयारी गरि उपकरण, स्वास्थ्य सामाग्री, जनशक्ति व्यवस्थापन अक्सीजन सिलिण्डर तथा अन्य तयारी यथाशिघ्र व्यवस्थापन गर्न निर्देशन दिनु भयो । उहाँले यस्तो अबस्थामा आयोजना गर्ने सबै खाले मेला महोत्सव बन्द गर्न संबन्धित निकायमा कुराकानी गर्न पनि सचिवलाई निर्देशन दिनुभएको छ। मानिसको स्वास्थ्य भन्दा ठुलो अरुकुरा नभएकाले आवस्यक परे स्मार्ट लकडाउनसम्म पनि जान पर्ने अबस्था आउने स्वस्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. बिनोद बिन्दु शर्माले जानकारी दिनुभयो ।

यसअघि गरिएको हेलो डाक्टर, कोरोना अपडेट लगायतका कामहरु पनि सुरु गरिने भएको छ । मन्त्रालयको ग्राफ अनुसार गण्डकी प्रदेशको कास्की, म्याग्दी, लमजुङ, नवलपुर लगायतका जिल्ला स्मार्ट लकडाउनको अबस्थामा पुगेका छन । भारतसंग सिमा जोडिएका नाकाहरुमा सरकारले १ १ हजार बेडको आईसोलेसन निर्माण गरेको छ ।

## चौबिस जनामा ओमिक्रोन संक्रमण पुष्टि

रासस
काठमाडौं, २३ पुस

कोरोना भाइरसको नयाँ भेरियेन्ट ओमिक्रोन २४ जनामा पुष्टि भएको छ । दुईसय ५० जनामा परीक्षण गर्दा उनीहरूमा उक्त भेरियेन्ट सङ्क्रमण पुष्टि भएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार यही पुस महिनामा एक हजार १४६ जनामा गरिएको परीक्षणमा २५० जनामा एस-जिन नेगेटिभ भेटिएको हो । ती नेगेटिभ देखिएकाका २४ नमूनाको जिन स्क्रिनिङ गर्दा सबैमा सङ्क्रमण पुष्टि भएको हो । ओमिक्रोन भेरिएन्टको सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि सबै अस्पताललाई तयारी अवस्थामा राख्न मन्त्रालयले निर्देशन समेत दिएको छ । "ओमिक्रोनले गर्दा हुनसक्ने अत्यधिक बिरामीको चापलाई मध्यनजर गर्दै सबै अस्पताललाई तयारी अवस्थामा रहन, उपचारका लागि आवश्यकपर्ने अक्सिजनलगायत अन्य सामग्रीको यथेष्ठ जोहो गर्न र स्वास्थ्यकर्मीलाई तयारी अवस्थामा रहन निर्देशन दिइएको छ", मन्त्रालयका प्रवक्ता डा सङ्गीताकौशल मिश्रद्वारा आज यहाँ जारी विज्ञप्ति भनिएको छ, "सीमानाकामा कोभिड-१९ को परीक्षणलाई थप सशक्त बनाउने तथा पोजेटिभ आएका केशलाई आइशोलेसनमा राख्ने व्यवस्था गरिएको छ ।"

मन्त्रालयले एस-जिन स्क्रिनिङ गर्न वीर, निजामती कर्मचारी, वीरेन्द्र सैनिक, त्रिवि शिक्षण र भेरी अस्पताल र प्रदेश नं २ प्रदेश जनस्वास्थ्य प्रयोगशालामा व्यवस्था गरिएको जनाएको छ । ओमिक्रोनका कारण अत्यधिक मात्रामा कोभिड-१९ को सङ्क्रमण बढ्ने सम्भावना रहेको जनाउँदै मन्त्रालयले सबैलाई थप सजगता अपनाउन आग्रह गरेको छ ।

## थप ९६८ मा कोरोना संक्रमण पुष्टि

रासस
काठमाडौं, २३ पुस

देशभर पछिल्लो २४ घण्टामा थप ९६८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । यो सङ्ख्या बिहिबारभन्दा झण्डै दोब्बर हो । बिहिबार ५४० जनामा सङ्क्रमण पुष्टि भएको थियो ।

पछिल्लो २४ घण्टामा १४ हजार ९७१ जनाको नमूना परीक्षण गरिएको थियो । आठ हजार २७२ जनाले पीसीआर र छ हजार ६९९ले एन्टीजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा २६२ कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या आठ लाख १३ हजार ७०९ पुगेको छ । निको हुनेदर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा हालसम्म आठ लाख ३१ हजार ५२ र एन्टीजेन विधिबाट परीक्षण गरिँदा ९६ हजार ८४१ सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४९ लाख १० हजार १४ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ५१ हजार ९३ पुगेको छ । कुलमा सङ्क्रमण दर १६ दशमलव नौ प्रतिशत छ ।

कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा दुई लाख ६३ हजार ३७१ रहेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार ७४१ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट कसैको पनि मृत्यु भएको छैन । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६०२ पुगेको छ ।

## कांग्रेसको १४ औं महाधिवेसन निर्वाचितलाई डिएलएको सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस



नेपाल डेमोक्रयाटीक लर्यस एशोसिएसन कास्कीले नेपाली कांग्रेसको १४ औं महाधिवेसनमा बिभिन्न पदमा निर्वाचीत भएका आफ्ना सदस्यहरुलाई पोखरा शुक्रबार सम्मान गरेको छ ।

सम्मानित हुनेमा गण्डकी प्रदेशका कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापा, बरिष्ठ अधिवक्ता बिश्व धिमीरे, रामचन्द्र त्रिपाठी ,रमेश पौडेल लगाएतका दर्जनै कानुन ब्यवसायी रहेका छन् ।

सम्मान कार्यक्रमा बोल्दै नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले कांग्रेसमा मात्र स्वतन्त्र न्यायापालीका र स्वतन्त्र प्रेसको परिकल्पना गर्ने सकिने बताए । उहाँले लोकतान्त्रीक कानुन ब्यवसायले कानुनिराज स्थापनाको लागी आफ्नो भुमिकालाई अग्रण स्थानमा राखनु पर्ने आग्रह गरे । कार्यक्रममा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एघारौं पोखरा महोत्सवको सुरक्षा बैठक सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस



एघारौं पोखरा महोत्सवको सुरक्षा बैठक सम्पन्न भएको छ । सुरक्षा बैठकमा विशेष गरी महोत्सवमा स्वास्थ्यको मापदण्डलाई पालना गर्न जिल्ला प्रशासन कार्यालयले अनुरोध गरेको छ ।

सो अवसरमा वोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायणआचार्यले कारोनाका बिरामीहरु वढ्दै गइरहेकाले मेला महोत्सवहरुमा वढी मात्रामा भिडभाड हुने भएकाले स्वास्थ्यको मापदण्डको पूर्ण पालना गर्नुपर्ने वताए । दर्शकहरुलाई अनिवार्य मास्क लगाउने, महोत्सव स्थलमा सेनीटाइजरको पर्याप्त व्यवस्था गर्ने, ज्वरो नापेर मात्र महोत्सव स्थलमा प्रवेश गराउने र वढी मात्रामा भीडभाड नगर्न दर्शकहरुलाई अनुरोध गर्न समेत प्रमुख जिल्ला अधिकारीले आग्रह गरे ।

पोखरामा पर्यटन प्रवर्द्धन गर्नुपर्छ भन्ने आफुहरुको पनि उद्देश्य रहेको भएतापनि हालको विषम परिस्थितीलाई मध्येनजर गरे अगाडी वढ्न समेत प्रमुख जिल्ला अधिकारी आचार्यले आयोजक कमिटीका पदाधिकारीहरुलाई अनुरोध समेत गरे । सो अवसरमा वोल्दै युनाईटेड क्लवका अध्यक्ष तथा एघारौं पोखरा महोत्सव मुल आयोजक समारोहका संयोजक राजु श्रेष्ठले पोखरा महोत्सवमा स्वास्थको मापदण्डको पूर्ण रुपमा पालना गर्ने प्रतिवद्धता व्यक्त गरे ।

महोत्सवका सुरक्षा व्यवस्था उपसमिति संयोजक दिनेश सुनारले सरकारी निकाय र निजी कम्पनीका सुरक्षा निकायहरुको सहयोग रहने भएकाले पोखरा महोत्सव भव्य र सभ्य हुनेमा आफुहरु विश्वस्त रहेको वताए ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा अन्तर्राष्ट्रिय स्तरकै आव्या क्वल

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

पोखरामा सर्वाधिक लगानीको हेल्थ क्वल सञ्चालनको नजिकै आइपुगेको छ।

पोखराको घारीपाटनमा १४ करोड लगानीमा 'आव्या क्लव' शुरु हुन लागेको हो । झण्डै ४ वर्ष अघिदेखि निर्माण कार्य शुरु भएको क्लव अब महिनादिनभित्रमै सञ्चालनमा आउने पोखरामा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । सन् २०१८ मा नै आव्या क्लबको स्थापना भएपनि सन् २०२२ मा आएर क्लवले सेवा शुरु गर्न लागेको हो। कोरोनाका कारण लामो समय मुलुक बन्दाबन्दीमा रहकाले




पनि क्लव सञ्चालनमा आउन ढिलाई भएको पत्रकार सम्मेलनमा बताइएको छ। 'सर्वसुलभ मुल्यमा ५ देखि ८० वर्षसम्मका वर्गलाई लक्षित गरी क्लब सञ्चालन गरिने छ'-पोखराका पत्रकार माझ बोल्दै क्लवका निर्देशक किरण केसीले भन्नुभयो। झण्डै २० रोपनी क्षेत्रफल रहेको आव्या क्लबमा अत्याधुनिक जीम सहित स्विमिङ पुल, रेष्टुरेन्ट, स्पा, साउन, स्टिम, उफ्रो, हार्ड टेनिस कोर्ट, कन्फ्रेन्स हल, योगा लगायतको सुविधा उपलब्ध रहेको छ । ११ हजार स्क्वायर फिटमा जिम सञ्चालन हुने जिमका सामग्री अमेरिकाबाट ल्याइएको केसीले जानकारी दिनुभयो । जीमहलमा एकै पटक तीन सय जनाले सेवा लिन सक्ने सो अवसरमा जानकारी दिइयो । क्लव निर्देशक निरोज लामाले क्लवको नाम 'आव्या'को अर्थ प्रष्ट्याउँदै संसारको पहिलो पवित्र आत्मा आव्या भएको बताउनुभयो । 'आव्या सूर्यको पहिलो किरण पनि हो, यसले शरिर मात्र नभएर आत्मापनि शुद्धसंगै स्वस्थ्य राख्दछ' लामाले भन्नुभयो । जीमलाई बडिविल्डिङ्गसंग मात्र नभएर आध्यात्मसंगपनि जोडन लागेको उहाँको भनाई छ।

पत्रकार सम्मेलनमा क्लवका निर्देशकहरु किरण केसी, रोशन केसी, प्रकास केसी, विश्वप्रकास गौतम, बरुण खड्का, सायव एबी मल्ल, निरोज लामा लगायतको परिचय गराइएको थियो।

# एट-ए-साइड भेट्रान्स फुटबल प्रतियोगितामा करिब २५ टिम सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

पोखराको बगर भाई खलकको आयोजनामा यही पुष २६ गते देखि पोखरामा संचालन हुने बगर भाई खलक एट-ए-साइड भेट्रान्स फुटबल प्रतियोगितामा करिब २५ टिमको सहभागिता हुने भएको छ । पाचौं स्व.रन्जित गुरुङ स्मृति तथा एघारौं संस्करणको उक्त प्रतियोगिता माघ १ गतेसम्म पोखराको पुरानो टुडिखेलमा हुने भएको आयोजकले जनाएको छ । 'स्वास्थ्यको लागि एक घण्टा व्ययाम, नागरिकहरुका लागी नौलो आयाम' भन्ने मूल नाराका साथ आयोजना हुने उक्त प्रतियोगितामा पोखरा सहित काठमाण्डौं, विरगन्ज, हेटौडा, चितवन, वुटवल, वालिङ्ग लगायतबाट खेलाडीहरु सहभागि हुने भएको बगर भाई खलकका अध्यक्ष दील बहादुर गुरुङले बताए। प्रतियोगीतामा विजेताले उपाधि सहित १ लाख ५१ हजार १ सय १ सय ११ रुपैया, उपाविजेताले नगद ७५ हजार ५ सय ५५ सहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्ने भएको उनले जनाए । त्यस्तै प्रतियोगितामा उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई ट्रफी सहित जनही नगद ५ हजार प्रदान गरिने भएको छ भने सेमिफाइलन पुग्ने दुइ टिमलाई जनही नगद १० हजार उपलव्ध गराईनेछ। साथै सर्वोत्कृष्ट खेलाडीलाई ट्रफी सहित नगद १० हजार प्रदान गरिनेछ । अनुशासित टिम, प्रतियोगितामा सहभागी सवै भन्दा जेष्ठ खेलाडीलाई सम्मान (एक पटक मात्र) एवं हरेक खेलका म्यान अफ दि म्याचलाई बिशेष पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। ४० बर्ष देखि ६५ बर्षको उमेर समुहका पाका खेलाडीहरुको खेलबाट नयां पिढीलाई खेलकूद प्रति अभिरुची जगाई भविष्यमा खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको महासचिव याम बहादुर गुरुङले बताए । यसैबिच,पोखराकोप्रतिष्ठितसंस्था बगर भाई खलकले पूर्व राष्ट्रिय खेलाडी महेश गुरुङलाई उद्घाटन समारोहमा सम्मान गर्ने भएको छ। संस्थाले यस वर्ष पोखराका अग्रज फुटबल खेलाडी गुरुङलाई ताम्रपत्र एवं दोसल्ला सहित सम्मान गरिने भएको अध्यक्ष गुरुङले जनाए । प्रतियोगिता सम्पन्न गर्न करिब. २० लाख खर्च लाग्ने आयोजकले जनाएको छ। प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव तेज बहादुर गुरुङले यस्ता खेल गतिविधिले पोखराको खेल पर्यटनको प्रबर्द्धन हुने बताए।

# भेट्रान्स टेबुलटेनिस प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

गण्डकी प्रदेश खेलकुद परिषद्को आयोजनामा भएको प्रथम गण्डकी प्रदेश भेट्रान्स टेबुलटेनिस प्रतियोगितामा शुक्रबार सम्पन्न भयो। गण्डकी प्रदेशका खेलकुद मन्त्री राजिव गुरुङले तेश्रो पुरस्कार हात पार्न सफल भए।

त्यसैगरी ५० वर्ष माथि उमेर समुह युगल जोडीमा ललितपुर टेबुलटेनिस क्लबका रन्जन सुब्बा र सुजाता पौडेल प्रथम, सोही क्लबका राजेन्द्र वज्राचार्य र पार्वती श्रेष्ठको जोडी दोश्रो तथा कास्कीका राम ढकाल र आशुका रन्जितकार एवं मन्त्री राजिव



गुरुङ र मुना थापाको जोडी तेश्रो भएका थिए।

प्रतियोगितामा ४० वर्ष माथि उमेर एकल पुरुष समुहमा प्रथम विकेन थापा मोरङ, दोश्रो एङ्गिकज पिङपोङ क्लबका चन्दन शाही, राजेस भट्टराई मोरङ तथा कास्कीका किसान जिसी तेश्रो भएका छन्। ५० वर्ष माथि उमेर पुरुष एकलमा प्रथम तथा दोश्रो ललितपुर टेबुलटेनिस क्लबका रोजेन्द्र वज्राचार्य र रन्जन सुब्बा, एङ्गिकज पिङपोङ क्लब कपुर शर्मा र मन्त्री राजिव गुरुङ तेश्रो भएका थिए।

सो अवसरमा पुर्व राष्ट्रिय खेलाडि विनय तुलाचन र अम्बिका राजभण्डारीलाई युवा तथा खेलकुद मन्त्री माननीय राजिब गुरुङले दोसल्ला तथा सम्मानपत्रद्धारा सम्मान गरेका थिए।

समापन समारोहमा विजेता तथा अफिसियलहरुलाई प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव तेजबहादुर गुरुङ, उपाध्यक्ष ध्वजकुमार गुरुङ, कास्की जिल्ला टेबुलटेनिस संघका अध्यक्ष उत्तम जोशीलगाएतले नगद पुरस्कार, मेडल, प्रमाणपत्र तथा प्रसंशापत्र वितरण गरेका थिए।

कार्यक्रम संयोजक तथा प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष धोजकुमार गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको संचालन पोखरा महानगर खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले गरेका थिए।

# गण्डकी प्रदेशस्तरीय खुल्ला आर्चरी

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै पोखरामा शुक्रबारदेखि गण्डकी प्रदेशस्तरीय खुल्ला पुरुष आर्चरी प्रतियोगिता शुरु भएको छ । पोखरा रंगशाला आर्चरी मैदानमा शुरुभएको प्रतियोगिताको पहिलो दिन नकाउट चरणबाट ३२ जना छनोट भएका छन्।

पहिलो चरणमा र्‍याङकिङ राउण्डबाट ६४ खेलाडी छनोट गरिएको थियो । ६४ जनाको नकाउट चरणबाट ३२ जना छनोट भएका हुन् । र्‍याङकिङ राउण्डमा म्याग्दीका २४ वर्षिय सुजन पुन सर्वाधिक स्कोर बनाउँदैं र्‍याङकिङको शीर्षस्थानमा रहेको कास्की जिल्ला आर्चरी संघका अध्यक्ष योगेन्द्र शेरचनले जानकारी दिए । उनी शीर्षस्थानमा रहँदै नकाउट राउण्ड प्रवेश गरेका थिए। उनले नगद ५ हजार रुपैयाँ प्राप्त गरे । पहिलो दिनको र्‍याङकिङ राउण्डमा खेलाडीहरुले १० डोर प्रहार गरेका थिए। प्रतियोगितामा कास्की, बाग्लुङ, पर्वत, म्याग्दी, मुस्ताङ र मनाङ जिल्लाका खेलाडीहरुले प्रतिस्पर्धा



गरेका छन् । प्रतियोगिताका संयोजक बसन्त गौचन(साकुरा) का अनुसार नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै आयोजना गरिएको हो। प्रतियोगितामा राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागि खेलाडीहरु समावेश छैनन् । शनिबार ३२ जनाबाट उत्कृष्ठ ४ जनालाई नगद पुरस्कार प्रदान गरिने छ। राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता खेलाडीले समेत प्रतिस्पर्धा गरेका छैनन् । 'राष्ट्रिय प्रतियोगितामा यो इभेन्टमा पदक विजेता खेलाडीले सहभागिता जनाउन पाउँदैनन् । पदक विजेता खेलाडी अपग्रेड हुन्छन् ।' प्रतियोगिताका संयोजक गौचनले बताए । उनीहरु कम्पाउण्ड ५० मिटर र रिकर्भ ७० मिटर खेल्नुपर्ने हुन्छ।

प्रतियोगिताबाट १० खेलाडी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि छनोट गरिने छ । उत्कृष्ठ चारसहित अन्य ६ जनालाई छनोट गरेर बन्द प्रशिक्षणमा राखिने संघका अध्यक्ष शेरचनले जानकारी दिए। उनका अनुसार १० जनाबाट पनि अन्तिम चरणमा ४ जना मात्रै छनोट गरेर नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि तयारी गर्ने गरी प्रशिक्षणमा राखिने छ । प्रतियोगिताको उदघाटन गण्डकी प्रदेश युवा तथा खेलकुद मन्त्री राजीव गुरुङले गरेका थिए।

# शिक्षकले पेशालाई मर्यादित बनाउनु पर्दछ : पूर्वमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

पूर्वगृहमन्त्री खगराज अधिकारीले शिक्षकले पेशालाई मर्यादित एवं जिम्मेवार बनाउनुपर्ने बताउनुभएको छ।

कास्कीको रुपा गाउँपालिका-२ थुम्कीस्थित शिवालय माध्यमिक विद्यालयको ६१औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले शैक्षिक उन्नयनका लागि शिक्षक, विद्यार्थी र अभिभावको सामूहिक प्रयासको खाँचो औंल्याउँनुभयो।

उहाँले विद्यालयस्तरबाटै विद्यार्थीलाई राष्ट्रियताको भावना विकास गराउनतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रमा विद्यालयको शैक्षिक विकासमा सहयोग गर्नुहुने शिक्षिका रस्मिला खनाल, पूर्वविद्यार्थी मनबहादुर भुजेल तथा राजेन्द्र ओझा, विद्यालय व्यवस्थापन समितिका पूर्वसदस्य दुर्गाबहादुर विक र पूर्वप्रधानाध्यापक रोशनलाल गुरुङलाई शिवालय वर्ष सम्मान २०७८ बाट सम्मान गरिएको थियो।

सो अवसरमा विद्यालयका पूर्वविद्यार्थी टीकाराम सुवेदीले आफ्ना माता र पिता सरस्वती सुवेदी र दण्डापाणि सुवेदीको स्मृतिमा रु तीन लाख तथा पूर्वविद्यार्थी डा नारायण ओझाले आफ्ना माता र पिता डिलकुमारी ओझा र विश्वनाथ ओझाको स्मृतिमा अक्षयकोष स्थापनाका लागि रु ५० हजारको चेक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन सुवेदीलाई हस्तान्तरण गर्नुभयो।

रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले पालिकाले शैक्षिक उन्नयनका लागि निरन्तर सहयोग गर्दै आएको जनाउँदै प्रविधिमैत्री सिकाइका लागि शिवालयले गरेको प्रयास अनुकरणीय रहेको धारणा राख्नुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुवेदीका अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा शिक्षा शाखा प्रमुख सन्दीप पौडेल, डा गणपति ओझा, रोशनलाल गुरुङ, पूर्वविद्यार्थी डा नारायण ओझा, मनबहादुर भुजेल, राजेन्द्र ओझा, दुर्गाबहादुर विक, रामकोट माविका प्रधानाध्यापक भरतमणि भट्टराई, सल्लाहकार बलबहादुर गुरुङ, पूर्वविद्यार्थी मञ्चका उपाध्यक्ष शिवराज सुवेदीलगायतले गुणस्तरीय शिक्षाका लागि सबैको साथ र सहयोग आवश्यक रहनेमा जोड दिनुभयो । विद्यार्थीद्वारा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको कार्यक्रममा विद्यालयको आर्थिक एवं प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो। विसं २०१७ मा स्थापित सो विद्यालयमा हाल कक्षा १२ सम्म पढाइ हुँदै आएको छ।

## कांग्रेसको...

मन्त्री बिन्दु कुमार थापले ५० वटा ऐन,११ वटा निर्वावली बनाई सकेकको अवस्थामा केहि कानुन ब्यवसायीको सल्लाह सहयोग आवश्यक रहेको बताए ।उनले संधियतालाइ संस्थागत गराउन यस्ता कानुनहरुको कार्यान्वयनमा डिएलएको भूमिका अझै सार्थक रहने जोड दिए ।

डिएलए कास्की अध्यक्ष कपिलमणी दाहाल, उपाध्यक्ष कमला पति पौडेल सचिव कृष्ण कुमारी गुरुङ लगाएतले डिएलएको भूमिका वारेमा बोलेका थिए। भेलाले आगामी डिएलएको केन्द्रीय महाधिवेशनका लागी ४० भन्दा बढी प्रतिनिधीहरु चयन गरेको छ।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरु:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्र्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मर्दी हिमालमा सबै याममा पर्यटक पुऱ्याउन विन्टर स्की

-वासुदेव पौडेल
गण्डकी, २३ पुस

"हिमपर्वत चम्कन्छ अरुणोदयले गरी ।
पोखरा नगरी भन्छ म भएँ सुनको पुरी ॥
साँच्चै नै सुनको ज्योति के त्यस्तो हुनपाउला ?
टल्केका हिमका सामू उपमा कुन आउला ? ॥"

कवि मुकुन्दशरण उपाध्यायको वर्णनात्मक काव्य 'प्राकृत पोखरा'मा उल्लेखित यो पङ्क्तिले हिमालको मात्रै चर्चा गरेको छैन, यसले पोखराको सुन्दरतालाई पनि प्रस्तुत गरेको छ।

हिमालको काखमा रहेको पोखराबाट नजिकै देखिने हिमाली दृश्य नियाल्नकै लागि स्वदेश तथा विदेशबाट पर्यटक यहाँ आउने गर्छन् । पोखराबाट छोटो समयमा नै हिमालको रसास्वादन गर्न सकिने भएकाले यो पर्वतीय पर्यटनका लागि आकर्षक गन्तव्य बनेको हो । पदयात्राका माध्यमबाट छोटो समयमै हिमाल छुन सकिने मर्दी पदयात्राले पछिल्ला वर्षमा सबैको चासो हुनाका साथै चर्चा कमाएको छ।

यही चासो र चर्चासँगै यो हिमाल पर्यटकका लागि बाह्रै महिना खुल्ला छ भन्ने सन्देश दिने उद्देश्यका साथ दिगो हिमालयन कोषको आयोजनामा मर्दी आधार शिविरमा यही फेब्रुअरी १० देखि १८ (माघ २७ देखि फागुन ३) सम्म दिगो विन्टर स्की महोत्सव गर्न लागिएको मर्दी हाइक्याम्पस्थित होटल ट्रेकेस प्याराडाइजका सञ्चालक सुदीप गौतमले बताउनुभयो । मर्दी हिमालमा बाह्रै महिना पर्यटकीय गतिविधि सञ्चालन गर्ने उद्देश्यका साथ उक्त महोत्सव गर्न लागिएको उहाँको भनाइ थियो ।

"प्रयासः चिसो भइरहने हिमाली क्षेत्रमा जाडो याममा सुनसानजस्तै हुने अवस्थालाई दृष्टिगत गर्दै यस समयमा स्की सञ्चालन गरी पर्यटकीय गतिविधिलाई निरन्तरता दिन सकिने भएकोले महोत्सव गर्न लागिएको हो", स्थानीय व्यवसायपकसमेत रहनुभएका उहाँले भन्नुभयो, "पर्वतीय पर्यटनलाई सबै मौसममा सञ्चालन गर्न सकिन्छ भन्ने सन्देश महोत्सवले दिनेछ ।" सञ्चालक गौतमकाअनुसार अन्तर्राष्ट्रिय स्की प्रशिक्षक कृष्ण थापा मगरको प्रशिक्षण तथा सहजीकरणमा यो महोत्सव हुनेछ ।

महोत्सवले मर्दी हिमाल पदयात्रालाई थप प्रचारप्रसार गर्न मद्दत गर्नेछ । महोत्सव आयोजक संस्था दिगो हिमालयन कोषका सदस्य प्रभात अधिकारीले हिमाली क्षेत्रको पर्यटन सबै यामका लागि खुल्ला छ भन्ने सन्देश महोत्सवमार्फत दिन खोजिएको बताउनुभयो । ग्रेट हिमालयन स्की भ्रमण नामको यस महोत्सवले मर्दी हिमालको पर्यटकीय महत्वलाई अझै उजागर गर्दै आगामी दिनमा अझै पर्यटकीय गतिविधि बढाउने विश्वास लिइएको छ।

मर्दीमा संस्थाका तर्फबाट गर्न लागिएको यो महोत्सव आठौँ चरणको भएको जानकारी दिँदै सदस्य अधिकारीले यस अघि मनास्लु, कालीञ्चोकलगायत स्थानमा महोत्सव गरिएको बताउनुभयो । महोत्सवअन्तर्गत पदयात्रा, आधारभूत स्की तथा स्नोबोर्ड तालिम, जीवनरक्षा तालिम, स्थानीय समुदायसँग अन्तर्क्रिया तथा स्कीसम्बन्धी वृत्तचित्र प्रदर्शन गरिने भएको छ। संस्थाका तर्फबाट छ पटकसम्म लाङटाङ क्षेत्रमा स्कीसम्बन्धी तालिम गराइसकिएको जानकारी दिँदै उहाँले नेपालमा स्कीको प्रशिक्षण दिनसक्ने जनशक्ति लगभग ५० को सङ्ख्यामा रहेको छ भन्नुभयो । सबै क्षेत्रका मानिस सहभागी हुन पाउने महोत्सवमा पथप्रदर्शक, हिमाल आरोहण गाईड तथा पर्यटन क्षेत्रमा काम गरिरहेकाको सहभागितालाई आयोजकले जोड दिएको छ। महोत्सवमा प्रत्यक्ष र अप्रत्यक्ष गरी ३०० मानिस लाभान्वित हुने र यसले पर्वतीय पर्यटनको प्रवर्द्धनका साथै स्कीसम्बन्धी सीप हस्तान्तरण र नेपालको पर्यटन सबै मौसमका लागि भन्ने नारा स्थापित हुने विश्वास लिइएको छ।

नेपाल पदयात्रा र पर्वतारोहणका लागि मात्र नभई हिउँमा चिप्लिएर खेलिने खेल स्कीका लागि पनि राम्रो गन्तव्य हो भन्ने सन्देश पनि यस महोत्सवले दिने नेपाल पर्वतारोण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष शेषकान्त शर्माले बताउनुभयो । "नेपालमा काठमाडौँको नजिकै रहेको कालिञ्चोकमा स्कीका गतिविधि विगत केही वर्षअघिदेखि नै बढेको पाइन्छ", उहाँले भन्नुभयो, "नेपालमा स्कीका लागि अन्य धेरै गन्तव्य पनि छन् भन्ने सन्देश दिनका लागि पनि मर्दीमा गर्न लागिएको महोत्सव उपयोगी बन्ने विश्वास लिएका छौँ ।"

नेपालबाट स्कीकै लागि कतिपय व्यक्ति युरोप, स्वीट्जरल्याण्डलगायत स्थानमा पुग्ने गरेको उल्लेख गर्दै अध्यक्ष शर्माले नेपालभित्रै स्की गर्न सकिने स्थल रहेका विषयलाई पनि महोत्सवले उजागर गर्ने बताउनुभयो ।

कसरी पुग्न सकिन्छ त मर्दी ? कास्कीको काँडेबाट अस्ट्रेलियन क्याम्प, पोथना, प्रितम देउराली, फोरेष्ट क्याम्प, लो क्याम्प, बाँदलडाँडा हुँदै दुई दिनमा मर्दी हाइक्याम्पसम्म पुग्न सकिन्छ । यी सबै स्थानमा बस्न र खानका लागि होटल सञ्चालनमा आइसकेका छन् । समुद्री सतहबाट तीन हजार ५५० मिटर उचाइको मर्दी हाइक्याम्पबाट करिब दुई घण्टामा चार हजार २०० मिटर उचाइको 'भ्यू प्वाइन्ट' र त्यहाँबाट दुई घण्टामा चार हजार ५०० मिटर उचाइको मर्दी आधार शिविर पुग्न सकिन्छ।

सुरुमा जाँदा अप्ठेयारा बाटाका कारण थकाइ लाग्ने पनि हिमाली चुचुरासँग मितेरी लगाउँदै हिँड्न पाउँदा सबै थकाइ मेटिने गरेको यस क्षेत्रमा पदयात्रा गर्ने बताउँछन् । सुरुमा काँडेबाट पदयात्रा गर्ने फर्कँदा भने माछापुच्छ्रे गाउँपालिकाको सिदिङबाट आउँछन् । सिदिङसम्म जीप जाने भएकाले त्यहाँबाट झण्डै दुई घण्टाको समयावधिमा पर्यटक पोखरा फर्कने गरेका छन् ।

# नगेन आर्ट एकेडेकीद्वारा कला प्रदर्शनीको समिक्षा

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस



नगेन आर्ट एकेडेमी प्रा.लि.को आयोजनामा पोखराको लेकसाइडमा सम्पन्न सडक महोत्सवमा भएको कला प्रदर्शनीका कलाको समिक्षा तथा कलाकारहरुलाई प्रशंषा पत्र प्रदान गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथी स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रिय अध्यक्ष तथा आर्दश समाज दैनिकका प्रधान सम्पादक कृष्ण प्रसाद बास्तोलाले प्राज्ञ नगेन सिंहले कला गतीबिधी गरिरहेको देख्दा खुसि लाग्ने बताउँदै कला विकासको लागी सक्दो सहयोग गर्ने बताए ।

दरबारथोक एड्भरटाईजिङ एजेन्सी पोखराका सञ्चालक तथा पत्रकार कृष्ण रानाभाटले आफुँ कला क्षेत्रमा लाग्न नसके पनि कला मन पर्ने र कलाको विकासको लागि तत्पर रहने बताए । नगेन आर्ट एकेडेमीकी प्रवन्ध निर्देशक ज्योति हमालले राज्यले कला तथा कलाकारको सम्मान गर्न नसकेको कारण नेपालबाट कलाकार पलायन हुने अवस्था आएको बताउँदै आफुले पोखरामा कलाको एकेडेमी खोलेर दक्ष कलाकार उत्पादन गर्ने उद्धेश्य रहेको वताइन । सहभागीको तर्फबाट नगेन आर्ट एकेडेमीका विद्यार्थी आशिष अधिकारीले कलामा लागेको समय सम्झदै सडक महोत्सवमा भएको कला प्रदर्शनीका बारेमा वताएका थिए । कार्यक्रमको संचालन प्राज्ञ नगेन सिंह ठकुरीले गरेका थिए ।

# लेतेखोलामा मोटर चल्ने पुल निर्माण

रासस
मुस्ताङ, २३ पुस

राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोरको बेनी–जोमसोम–कोरला सडकअन्तर्गत मुस्ताङको थासाङ गाउँपालिका–४ स्थित लेतेखोलामा मोटर चल्ने पक्की पुल निर्माण गरिएको छ।

उक्त सडक आयोजनाले लेतेखोलामा ४० मिटर लामो मोटरेबल पुल निर्माण गरेको हो । पुल निर्माणका लागि विसं २०७५ भदौमा रु छ करोड २० लाखमा गजुरमुखी निर्माण कम्पनीसँग ठेक्का सम्झौता भएको थियो ।

आयोजनाका व्यवस्थापक नरेन्द्र न्यौपानेले निर्माण गरिएको पुल यातायात सञ्चालनका लागि योग्य भएको जानकारी दिनुभयो । "छेउमा रेलिङ राख्ने र रङ्रोगन गर्ने काम हिमपातले रोकिए पनि गाडी चलाउन सकिन्छ", उहाँले भन्नुभयो, "पहुँचमार्ग र पुलको संरचनाको निर्माण सकिएको छ । बाँकी काम सकेर हस्तान्तरणको तयारीमा छौँ ।" लेतेखोलामा हाल अस्थायी बेलिब्रिजबाट यातायात सञ्चालन हुँदै आएको छ। पक्की पुल निर्माण भएसँगै लेतेखोलाको बेलिब्रिज अन्यत्र स्थानान्तरण गर्ने तयारी भएको आयोजनाले जनाएको छ।

एकसय छयासी किलोमिटर दूरीको बेनी–जोमसोम–कोरला सडकमा लेतेखोलासहित नौवटा मोटर चल्ने पुल निर्माण गरिएको र बाह्रवटा पुल निर्माणाधीन अवस्थामा रहेको आयोजना प्रमुख जगत प्रजापतिले बताउनुभयो ।

# बैंककै कर्मचारीको मिलेमतोमा १६ लाख चोरी, चार पक्राउ

रासस
काठमाडौं, २३ पुस

कर्मचारीकै मिलेमतोमा एनआइसी एसिया बैंकको लाखौँ रुपैयाँ चोरी भएको पाइएको छ । महानगरीय प्रहरी परिसरका अनुसार उक्त बैंकको नगद सङ्कलक काठमाडौँको काँडाघारी बस्ने प्रदीप खत्रीसहितका चार व्यक्तिलाई पक्राउ गरेपछि उक्त रहस्य खुलेको हो । उनले काठमाडौँ महानगरपालिका–१० को कार्यालयबाट रु १२ लाख ४५ हजार र मेट लाइफ इन्योरेन्स शान्तिनगरबाट तीन लाख पचासी हजार गरी रु १६ लाख ३० हजार बैंक दाखिला गर्न जाने क्रममा लुटपाट भएको भनी प्रहरीमा सूचना प्राप्त भएको थियो । सो घटना पुस १८ गतेको हो । सोही आधारमा प्रहरी वृत्त बानेश्वर र महानगरीय अपराध महाशाखाको संयुक्त टोलीबाट अनुसन्धान गर्दा खत्रीमाथि शङ्का लागेपछि पक्राउ परेका थिए । उनीमाथिको अनुसन्धानमा मिलेमतोमा उक्त नगद चोरी गरी भागबण्डा गरेको फेला परेको प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिनुभयो ।

प्रहरीले चोरीमा सङ्लग्न खत्रीसहित ललितपुर धापाखेल बस्ने वर्ष २४ को विमल तामाङ, रामेछाप घर भइ ललितपुर बस्ने राज पौडेल र अनिश खड्कालाई पक्राउ गरेको आज एक सूचना जारी गरी जनाएको छ । उनीहरुले सबै पैसा भागबण्डा लगाएर बाँडेको फेला परेको जानकारी दिँदै प्रहरीले अहिलेसम्म १३ लाख ४६ हजार फेला परेको र दुई लाख ८२ हजार भने खर्च गरेको खुलेको छ।

# सुदूरपश्चिममा कोरोना जोखिम बढ्दै

- सिद्धराज भट्ट
काठमाडौं, २३ पुस (रासस)

भारतबाट भित्रिने नागरिकमा कोरोना भाइरस सङ्क्रमण पुष्टि हुन थालेपछि सुदूरपश्चिम प्रदेशमा रोगको जोखिम थप बढेको छ।

भारतमा कोरोनाका नयाँ भेरियन्ट 'ओमिक्रोन' तीव्र रुपमा फैलिएसँगै त्यसको जोखिम सुदूरपश्चिम प्रदेशमा पनि बढेको छ। विद्यालयमा सामाजिक दूरी कायम राख्ने र स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउने विषयमा त्यति चासो राखिएको देखिँदैन । धेरै नागरिक बिना मास्क हिँडिरहेका देखिन्छन् । राजनीतिक दलले आमसभा तथा भेला र विभिन्न सङ्घसंस्था, कार्यालयले भीड बढ्ने गरी बैठक तथा अन्तरक्रिया जस्ता कार्यक्रम गर्न छाडेका छैनन् । स्वास्थ्य निर्देशनालय दिपायलले पछिल्लो तीन दिनमा २१५ व्यक्तिमा सङ्क्रमणको पुष्टि भएको जनाएको छ। सङ्क्रमित अधिकांश सीमा नाकाबाट प्रदेशमा भित्रिएका नागरिक छन् ।

बुधवार एकै दिनमा पश्चिमी सिमानाका कञ्चनपुरको गड्डा चौकी, कैलालीको गौरीफन्टा र बैतडी सीमा नाकाबाट भित्रिने १०७ जनामा कोरोना भाइरस सङ्क्रमणको पुष्टि भएको थियो । सीमा नाकामा एन्टिजेन पद्धतिबाट भित्रिने नागरिकको कोरोनाको नमूना परीक्षण गर्ने गरिएको छ। सङ्क्रमण बढ्न थालेपछि भारतमा आफ्नो काम छाडेर घर फर्किने नेपालीको सङ्ख्या बढ्दा पनि प्रदेशमा जोखिम देखिएको हो।

नाकाबाट भित्रिने सबै नागरिकको एन्टिजेन परीक्षण गर्नमा सचेतना अपनाइए पनि भित्रिने कतिपय नागरिकबाट लापरबाही भइरहँदा यो रोगको जोखिम बढेको त्रिनगर सीमा नाका हेल्थ डेस्कका प्रमुख अहेव गणेश साउदले बताउनुभयो । "पोजेटिभ देखिएकालाई धनगढीको कनरीमा स्थापना गरिएको आइसोलेशनमा पठाउने गरेका छौँ", अहेव साउदले भन्नुभयो, "पछिल्ला दिनमा सीमा नाकाबाट भित्रिनेको सङ्ख्या बढेसँगै सङ्क्रमण दर पनि बढ्दो क्रममा रहेको छ।" यो नाकामा केही दिनयता नमूना परीक्षण भइरहेकामध्ये दैनिक १० प्रतिशतका दरले सङ्क्रमित थपिने गरेको जनाइएको छ।

यात्रुको खोजीमा सीमा पारी पुग्ने विद्युतीय रिक्साले यात्रुलाई सरसामानसहित हेल्थ डेस्कका कर्मचारी र सीमामा खटिएका प्रहरीलाई छलेर भित्र्याउँदा पनि जोखिम देखिएको छ । 'ओमिक्रोन' को आशङ्कामा दुई जनाको नमूना सङ्कलन गरी थप परीक्षणका लागि काठमाडौँ पठाइएको साउदले जानकारी दिनुभयो।

स्वास्थ्य निर्देशनालयका कोभिड–१९ सम्पर्क व्यक्ति हेमराज जोशीले सुदूरपश्चिम प्रदेश कोरोनाको उच्च जोखिममा देखिएकाले भारतबाट आउनेको नमूना परीक्षण गराउने र खोप लगाउने काममा प्राथमिकता दिइएको जानकारी दिनुभयो । हालसम्म प्रदेशमा ५० प्रतिशतभन्दा बढी नागरिकले खोप पाइसकेका छन् ।

भारतसँगको खुला सीमा नाकाका कारण सङ्क्रमण नियन्त्रणमा केही चुनौती रहेको स्वास्थ्यकर्मीले बताएका छन् । सुदूरपश्चिम प्रदेशमा हालसम्म चार लाख ३५ हजार ७२५ जनाको कोरोना परीक्षण गरिएकोमा ४८ हजार ५१९ जनामा सङ्क्रमण भइसकेको छ। कोरोना भाइरस फैलिएयता अहिलेसम्म प्रदेशमा सङ्क्रमित ६१४ को ज्यान गइसकेको छ । नेपाल भित्रिने सबै नागरिकको हेल्थ डेस्कमा स्वास्थ्यको नमूना परीक्षण हुने गरेको छ। यसबाहेक प्रदेशका प्रयोगशालामार्फत पीसीआर र एन्टिजेन पद्धतिमार्फत नमूना परीक्षण हुने गरेको छ।

हेल्थ डेस्कमा नमूना परीक्षणपछि कोरोना भाइरसको लक्षण भएकालाई सेती प्रादेशिक अस्पतालमा र नभएकालाई कनरीस्थित आइसोलेशनमा पठाउने गरिएको छ । धनगढी उपमहानगरपालिकाको पहलमा सीमानाकाबाट भित्रिनेहरुका लागि सीमा नाकामै खोपको व्यवस्था गरिएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : मन चञ्चल | मीन | : अप्रत्यसित लाभ |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।



## अर्जेन्ट चाहियो

अफिसको लागि
साधारण लेखपढः ३ जना
SLC, + 2 above : ५ जना
तलबः आर्कषण

सम्पर्कः
९८१६६२२७९२
९८४६३८१६६१



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. २०१८/०२/१०

स्वर्गारोहणः
वि.स. २०७८/०९/१२ गते

स्वः सरस्वती बराल

यस घट्टेपुल नमूना टोल बिकास संस्थाका अध्यक्ष जगदिश बराल एवं शुभचिन्तक गणेश बरालकी ममतामयी आमा **सरस्वती बराल** को ६० वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

घट्टेपुल नमूना टोल बिकास संस्था परिवार
पोखरा महानगरपालिका-१३, घट्टेपुल

